प्रदेश सरकार
प्रदेश नं. १
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, संखुवासभा

(योजना तथा व्यवस्थापन शाखा)

प.सं. २०७६/०७७ (योजना)
च.नं. ३५०६८

मिति : २०७७/०२/२९

**विषय : सूचना टाँस गरी जानकारी पठाई दिनु हुन ।**

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर, मोरङ्ग
श्री प्रदेश वन निर्देशनालय, धरान, सुनसरी
श्री जिल्ला समन्वय समितिको कार्यालय संखुवासभा, खाँदबारी
श्री जिल्ला प्रशासन कार्यालय संखुवासभा, खाँदबारी
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवासभा, खाँदबारी
श्री मालपोत कार्यालय खाँदबारी, संखुवासभा
श्री नापी कार्यालय खाँदबारी, संखुवासभा
श्री कृषि ज्ञान केन्द्र खाँदबारी, संखुवासभा
श्री धर्मदेवी नपा/मादी नपा/चैनपुर नपा/खाँदवारी नपा/पाँचखपन नपा/सभापोखरी गापा /चिचिला गापा/मकालु गापा/भोटखोला गापा
श्री धर्मदेवी/मादी/चैनपुर/सभाखोला/खाँदबारी/अरुण सब-डिभिजिन वन कार्यालय, संखुवासभा

उपरोक्त विषयमा यस कार्यालयबाट प्रकाशित यसैसाथ संलग्न **फलफूलका विरुवा खरिद सम्बन्धि सूचना** (पाना दुइको) तहाँ कार्यालयको सूचना-पाटीमा टाँस गरी सो को जानकारी पठाईदिनु हुन अनुरोध छ ।

२०७७/०२/२९
.......................
डिभिजनल वन अधिकृत
रा.प. द्वितिय दर्जा तह

# डिभिजन वन कार्यालय संखुवासभा

## फलफुलका विरुवा खरिद सम्वन्धी सिलबन्दी दरभाउपत्रको सूचना

### (उद्घोष राष्ट्रिय दैनिकमा दोश्रो पटक प्रकाशित मिति २०७७/०२/२९/०५)

आ.व. २०७६/०७७ मा यस कार्यालयको स्वीकृत कार्यक्रम अन्तर्गत उत्पादक वा आपूर्तिकर्ताबाट तपसिल बमोजिमका फलफूलका विरुवा खरिद तथा तोकिएको स्थानमा ढुवानी गर्नुपर्ने भएकोले तपसिलको विवरणको परिधिमा रही यस कार्यालयमा नियमानुसार सूचि दर्ता भएका र प्रचलित कानुन बमोजिम योग्यता पुगेका उत्पादक वा आपूर्तिकर्ताबाट ब्यावसायिक प्रमाण (संस्था दर्ता/नवीकरण प्रमाण-पत्र, स्था.ले.नं./मू.अ.कर दर्ता प्रमाण-पत्र, गत आ.व.को करचुक्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातका प्रतिलिपि) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयबाट प्रमाणित सिलबन्दी घटाघट दरभाउपत्र फाराम खरिद गरि पेश गर्न दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ। दरभाउपत्र फाराम श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर, श्री वन निर्देशनालय, प्रदेश नं. १, धरान र यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट रु. १,०००/- (फिर्ता नहुने गरी) तिरी कार्यालय समयमा खरिद गर्न सकिनेछ । थप जानकारीका लागि यस कार्यालयको वेभसाइट www.dfosankhuwasabha.p1.gov.np तथा फेसबुक (*DFO Sankhuwasabha*) वा सूचना पाटीमा हेर्नुहुन अनुरोध छ ।

**तपसिल**

**१) खरिद गरिने फलफूलका विरुवाको विवरण**

| सि.नं. | प्रजाति | खरिद गरिने फलफूलको विवरण | | | |
|---|---|---|---|---|---|
| | | स्पेसिफिकेसन | जम्मा परिमाण (संख्या) | जम्मा अधिकतम मूल्य रु. | ढुवानी गर्ने स्थान |
| १. | सुन्तला | कलमी, उमेर १ देखि २ वर्ष, १.५ देखि ३ फिट उचाइको, पराल/जुट/प्लाष्टिकले बेरिएको, रोग किरा नलागेको स्वस्थ्य विरुवा | ३,००० | ८,४८,५००/- | डि.व.का. नर्सरी, खाँदबारी, संखुवासभा |
| २. | कागती (सुन कागती) | | २,५०० | | |
| ३. | किवी | | ४०० | | |
| ४. | एभोकाडो | | ४०० | | |
| ५. | आँप (आम्रपाली/ मलिका) | | १,५०० | | |
| ६. | लिची (सिडलेस) | | १,२०० | | |
| ७. | अम्बा | | ५०० | | |
| ८. | अनार | | २५० | | |
| ९. | रुख कटहर | बिजु, उमेर १ वर्ष, १ देखि २ फिट उचाई, पराल/जुट/ प्लाष्टिकले माटो सहितको जरा बेरिएको, रोग किरा नलागेको स्वास्थ्य विरुवा | ४०० | | |
| जम्मा | | | १०,१५० | ८,४८,५००/- | |
| ढुवानी सहितको अधिकतम खरीद मूल्य अक्षरेपी रु. आठ लाख अठ्चालिस हजार पाँच सय रुपैया मात्र । | | | | | |

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश वन निर्देशनालय डिभिजन वन कार्यालय संखुवासभा नेपाल

डिभिजनल वन अधिकृत उप दितिय दर्जा तह

२) खरिद गरिएको दरभाउपत्र रितपुर्वक भरी सिलबन्दी गरेर सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र र सो दिन सार्बजनिक विदा परे विदा लगतै कार्यालय खुलेको दिन दिनको १२:०० बजे सम्ममा डिभिजन वन कार्यालय, संखुवासभामा दर्ता गर्नु पर्नेछ । साथै उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर र वन निर्देशनालय, प्रदेश नं. १, धरानबाट खरीद गरिएको दरभाउपत्रको हकमा भने सोही कार्यालयमा समेत दर्ता गर्न सकिने छ ।

३) दरभाउपत्रमा प्रजाति अनुसारका अलग अलग फलफूलका विरुवाका लागि प्रति इकाई मुल्य अलग अलग उल्लेख गर्नुपर्ने छ।

४) खाममा फर्मको नाम, सिल (लाहाछाप) को किसिम र संख्या अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

५) जसको नाममा बिकि भएको दरभाउपत्र फाराम हो, उसैको तर्फबाट दाखिला गर्नु पर्नेछ ।

६) दरभाउपत्रको साथमा दरभाउपत्र जमानत रकम वापत न्यूनतम रु. २२,०००।- (अक्षरुपी रु. बाईस हजार मात्र) **कोष तथा लेखा नियन्त्रक कार्यालय, संखुवासभाको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, खाँदबारी स्थित खाता नं. २०८०५०२०००००० (कार्यालय कोड ३०७०२०४०११)** मा जम्मा हुने व्यवस्था गरी सो को प्रमाण वा कम्तिमा ७५ दिन सम्म मान्य अबधी रहने नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी पत्र सिलबन्दी गरिएको खाम भित्र समाबेश हुनु पर्नेछ । धरौटी रकम अनिवार्य रुपमा दरभाउपत्रदाता फर्मको नामबाट दाखिला भएको हुनुपर्नेछ । व्यक्तिको नाममा धरौटी दाखिला भएको प्रमाण मान्य हुने छैन ।

७) दरभाउपत्रमा सकार रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

८) दरभाउपत्रमा र सो सम्बन्धि कागजातमा दरभाउपत्रदाता वा फर्मको सहीछाप भई नआएमा सिल खोलिएको वा टुटफूट भएकोमा सो दरभाउपत्र अमान्य हुनेछ ।

९) श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर र श्री वन निर्देशनालय, प्रदेश नं. १, धरानमा दर्ता हुन आएका दरभाउपत्रहरु समेत यस कार्यालयमा प्राप्त भए पश्चात यस कार्यालयबाट सम्वन्धित सरोकारवालाहरुलाई जानकारी गराई दरभाउपत्रहरु खोलिने छ । संभव भएसम्म सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा शिलबन्दी दरभाउपत्र फाराम खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१०) म्याद नाघी वा रित नपुगी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

११) दरभाउपत्र सम्बन्धि प्रकाशित सूचनामा उल्लेखित शर्तहरु उलङ्घन भएमा दरभाउपत्र अमान्य हुनेछ ।

१२) दरभाउ पत्र स्विकृत हुनु भन्दा अघि सम्बन्धित आपूर्तिकर्तालाई जानकारी दिई यस कार्यालयबाट माग भएका विरुवाहरुको गुणस्तर अनुगमन गरिनेछ ।

१३) दरभाउपत्र सदर वा बदर गर्ने अधिकार, अधिकार प्राप्त अधिकारीमा निहित रहनेछ ।

१४) उपर्युक्त सूचना सम्वन्धमा कुनै कुरा हेरफेर वा संशोधन गर्नुपरेमा यस कार्यालयले गर्न सक्नेछ ।

१५) अन्य शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन, नियम र सार्वजनिक खरिद ऐन नियम अनुसार हुनेछ ।

**इति सम्वत् २०७७ साल जेष्ठ २९ गते रोज ५ शुभम्** ..............................................................................